INNOVATIVE RESEARCH JOURNAL Vol.:3, Issue: 1, July, 2024

**DOI: https://doi.org/10.3126/irj.v3i1.71035**

# माध्यमिक तहको नेपाली भाषा पाठ्यपुस्तकमा समाविष्ट सुनाइ पाठप्रति विषय शिक्षकका धारणा

**महेश प्रसाद भट्ट**
**सानोठिमी क्याम्पस, सानोठिमी भक्तपुर**
***bhattmpb@gmail.com***

**कृष्णप्रसाद पोखरेल**
*pokhrelkp70@gmail.com*

## लेखसार

*विद्यालय तहका नेपाली भाषापाठ्यपुस्तकमा भाषा सिकाइको अतिरिक्त अभ्यासार्थ सुनाइ पाठ समावेश गरिएको छ । समाविष्ट पाठहरुबाट सुनाइ सीपको विकासमा योगदान पुग्ने अपेक्षा गरिएको छ । वस्तुतः यस लेखमा माध्यमिक तहको नेपाली भाषापाठ्यपुस्तकमा समाविष्ट सुनाइ पाठको उपयुक्तता तथा सान्दर्भिकता अध्ययन गरिएको छ । यसमा माध्यमिक तह, कक्षा नौ र दशको वर्तमान नेपाली पाठ्यपुस्तकमा समाविष्ट सुनाइ पाठहरूप्रति सम्बन्धित विषय शिक्षकका विचार विश्लेषण गरिएको छ । यसको उद्देश्य शिक्षकका दृष्टिकोणबाट सुनाइ पाठको धारणा विश्लेषण गर्नु रहेको छ । यस लेखमा गुणात्मक अनुसन्धान ढाँचाको प्रयोग गरिएको छ । यसमा सोद्देश्यमूलक नमुना छनोट विधि अवलम्वन गरी अन्तरवार्ताका माध्यमबाट सामग्री सङ्कलन गरिएको छ । सामग्री सङ्कलन गर्दा प्राथमिक स्रोतको उपयोग गरिएको छ । प्रस्तुत अध्ययनमा समाविष्ट सुनाइ पाठ तथा अभ्यासात्मक कार्यकलापहरु विद्यार्थीमा सुनाइ सिप विकासका लागि प्रभावकारी र उपयोगी भएको तथ्य प्राप्त भएको छ । यस लेखले सम्बन्धित क्षेत्रमा अध्ययन, अनुसन्धान गर्न चाहने तथा यस विषय क्षेत्रप्रति रुचि राख्ने सरोकारवाला सम्पूर्णमा अपेक्षित सहयोग पुऱ्याउने विश्वास गरिएको छ ।*

***प्रमुख शब्दावली :*** *भाषापाठ्यक्रम, भाषापाठ्यपुस्तक, तहगत सक्षमता, सुनाइ पाठ, सिकाइ सहजीकरण, स्तर अनुरूपता ।*

**Received:** 16 June, 2024 Revision **Accepted:** 21 July, 2024 **Published:** 30 July, 2024

## अध्ययनको पृष्ठभूमि

भाषापाठ्यक्रमा निर्दिष्ट सक्षमताहरु पूरा गर्ने ध्येयले भाषापाठ्यपुस्तक तयार पारिन्छ । यसले सिकारुमा भाषाका चार सिप : सुनाइ, बोलाइ, पढाइ र लेखाइको अभिवृद्धि गर्न तथा विषयवस्तुको ज्ञान अभिवृद्धी गराउन भूमिका खेल्दछ । भाषापाठ्यपुस्तकमा विषयवस्तुगत ज्ञानभन्दा ज्यादा सीपलाई जोड दिइन्छ (भण्डारी र पोखरेल, २०७५, पृ.२४०) । यसलाई शिक्षण सिकाइको प्रमुख सामग्रीका रुपमा लिइन्छ । यसमा भाषापाठ्यक्रमका

अपेक्षा अनुरूपका भाषिक पाठ्यांशहरूलाई विद्यार्थीको स्तर, अनुभव र सिकाइ आवश्यकता ख्याल गरेर सङ्गठित गरिएको हुन्छ (पौडेल, २०७३, पृ.१२७) । सिकारुहरूमा भाषिक सीपका साथै ज्ञान, बोध, धारणाको अभिवृद्धि गर्ने, बोध तथा अभिव्यक्ति क्षमताको विकास गर्ने, शब्दभण्डार क्षमताको विकास गर्ने, सिर्जनात्मक तथा रचनात्मक कौशल क्षमताको विकास गर्ने सन्दर्भमा यसको महत्वपूर्ण भूमिका रहेको हुन्छ ।

पाठ्यक्रमको निर्माण गर्दा विश्व परिवेश, राष्ट्रिय आवश्यकता, सामाजिक तथा राजनैतिक परिवर्तन, सिकाइका क्षेत्रमा देखापरेका नवीनतम् चिन्तन सिकाइका नवप्रवर्तन लगायतका विविध पक्षले भूमिका खेल्दछ । एक पटक तयार पारी कार्यान्वयनमा ल्याइएको पाठ्यक्रमलाई आवश्यकतानुरुप बेलाबेला परिमार्जन तथा अद्यावधिक गर्ने प्रचलन छ । यसै सन्दर्भमा नयाँ पाठ्यक्रमका रुपमा माध्यमिक शिक्षा पाठ्यक्रम (कक्षा ९-१०), २०७८ निर्माण गरिएको र सोही पाठ्यक्रमका आधारमा कक्षा नौ र दशको नेपाली भाषापाठ्यपुस्तक तयार पारी कार्यान्वयनमा समेत ल्याइएको छ । कक्षा नौ र दशको भाषापाठ्यपुस्तक क्रमशः शैक्षिक सत्र २०७९ र २०८० बाट कार्यान्वयनमा ल्याइएको छ । जनक शिक्षा सामग्री केन्द्र लिमिटेडद्वारा मुद्रण गरिएको उक्त पुस्तक पूर्ववर्ती पुस्तकभन्दा अझ व्यावहारिक, सान्दर्भिक, प्रायोगिक बनाउने प्रयास गरिएको देखिन्छ । यसमा प्रयोगमूलक ढङ्गले अध्ययन, अध्यापन गर्ने शैलीलाई अवलम्बन गर्न खोजिएको पाइन्छ । दुवै कक्षाका पाठ्यपुस्तकमा विधागत मूल पाठहरू र सोपश्चात् सुनाइ पाठलाई समाविष्ट गरिएको छ । कक्षा नौ र दश दुवैमा १६-१६ ओटा सुनाइ पाठ र ती पाठ सम्बद्ध अभ्यासहरू समावेश गरिएको देखिन्छ । प्रस्तुत लेखमा निर्दिष्ट भाषापाठ्यपुस्तकमा समाविष्ट सुनाइ पाठलाई अध्ययनीय विषयका रुपमा लिई उक्त पाठप्रति विषय शिक्षकको धारण पहिचान र विश्लेषण गरिएको छ ।

## अध्ययनको उद्देश्य

प्रस्तुत लेखको उद्देश्य माध्यमिक तहको वर्तमान नेपाली भाषापाठ्यपुस्तकमा समाविष्ट सुनाइ पाठप्रति विषय शिक्षकका धारणा पहिचान र विश्लेषण गर्नु रहेको छ ।

## अध्ययन विधि र प्रक्रिया

प्रस्तुत लेखमा निम्नानुसारको अध्ययन विधि र प्रक्रिया अवलम्वन गरिएको छ :

**गुणात्मक अनुसन्धान ढाँचा :** यो लेख तयारीका क्रममा गुणात्मक अनुसन्धान ढाँचाको प्रयोग गरिएको छ । यसमा स्थलगत तथा वर्णनात्मक अध्ययन विधिको प्रयोग गरिएको छ ।

**सोद्देश्यमूलक नमुना छनोट :** यस लेखमा असंभावनात्मक नमुना छनोट अन्तर्गत उद्देश्यमूलक नमुना छनोट विधिको उपयोग गरिएको छ । यसमा नवलपरासी (बर्दघाट सुस्तापूर्व) जिल्लामा माध्यमिक तह अन्तर्गत हाल कक्षा ९ र १० मा नेपाली विषय शिक्षण गरिरहेका शिक्षकहरूमध्ये जम्मा चारजना शिक्षकहरूलाई नमुनाको रुपमा छनोट गरिएको छ ।

**व्यक्तिगत अन्तर्वार्ता :** माध्यमिक तहमा नेपाली विषय अध्यापनरत चारजना शिक्षकहरूसँग लिइएको अन्तर्वाताबाट प्राप्त धारणालाई प्राथमिक स्रोतीय सामग्रीका रूपमा उपयोग गरिएको छ ।


**आगमनात्मक विश्लेषण :** प्रस्तुत लेखमा आगमन विधिको प्रयोग गरी सामग्रीको विश्लेषण गरिएको छ । यसमा पाठ्यक्रम सम्बद्ध सक्षमता तथा कक्षा ९ र १० को वर्तमान नेपाली पाठ्यपुस्तकलाई आधार मानी प्राप्त प्रतिक्रियालाई विश्लेषण गरिएको छ ।

**परिसीमा**

प्रस्तुत लेखमा जम्मा चारजना शिक्षकहरूसँग लिइएको संरचित अन्तर्वाताबाट प्राप्त धारणाको मात्र विश्लेषण गरिएको छ । यसक्रममा सुनाइ पाठको उपयुक्तता, सान्दर्भिकता, विषयवस्तुको प्रकृति, छनोट र स्तरण, कक्षा अनुरूपता, रुचिपूर्णता, अन्तरसम्बद्धता, पाठ्यक्रम अनुरूपता, सिकाइ सहजीकरण प्रक्रिया, अभ्यासात्मक कार्य र त्यसको प्रभावकारिता, मूल्यङ्कन प्रक्रिया जस्ता पक्षसँग सम्बन्धित शिक्षकका धारणा विश्लेषणमा अनुसन्धान कार्यलाई परिसीमित गरिएको छ ।

**अवधारणात्मक ढाँचा**

प्रस्तुत लेखमा अवधारणात्मक ढाँचाका लागि माध्यमिक शिक्षा (कक्षा ९ र १०) पाठ्यक्रम २०७८ र त्यसका आधारमा निर्मित कक्षा ९ र १० को भाषापाठ्यपुस्तकलाई आधार बनाइएको छ । साथै विद्यार्थी सिकाइका लागि आन्तरिक मूल्याङ्कन मापदण्ड, २०८० (कक्षा ९-१०) लाई पनि आधार बनाइएको छ । यसैगरी भाषा शिक्षणका आधिकारिक पुस्तकहरूलाई आवश्यकता अनुरुप प्रयोग गरिएको छ । वस्तुतः प्रस्तुत लेख तयारीका क्रममा निम्नानुसारको अवधारणात्मक ढाँचालाई अवलम्वन गरिएको छ :




**सैद्धान्तिक अवधारणा**

बृहत् नेपाली शब्दकोश (२०५२) अनुसार “विद्यालय वा विद्यापिठहरुमा विद्यार्थीहरुलाई औपचारिक ढङ्गले पढाउने पुस्तक नै पाठ्यपुस्तक हो, (पृ. ८१०) ।”

पाठ्यक्रमको उद्देश्यअपुरुप शिक्षण गर्नका लागि तयार पारिएका पुस्तकलाई पाठ्यपुस्तक भन्ने गरिन्छ । यस्ता पाठ्यपुस्तकहरु सम्बन्धित तह र कक्षा अनुरुप तयार पारिन्छन् ।

भाषिक सिपको विकास गर्ने कलात्मक शिक्षण गर्न निर्देश गरिएका भाषा पाठ्यपुस्तकमा पाठ्यक्रम अनुरुपका भाषिक पाठ्यांहरुलाई विद्यार्थीको स्तर, अनुभव र आवश्यकता ख्याल गरेर सङ्गठित गरिएको हुन्छ । भाषा पाठ्यपुस्तकले विद्यार्थीलाई मात्र होइन भाषा शिक्षकलाई समेत के पढाउने, कसरी पढाउने, कसलाई पढाउने, कार्यकलाप के के छनोट गर्ने भन्ने बारेमा राम्रो र भरपर्दो सहयोग गर्न सक्दछ, (भण्डारी र अन्य, २०६८ : १९८) " ।

भाषा पाठ्यपुस्तक खास तह र कक्षाका निमित्त पाठ्यक्रमका भाषिक अपेक्षाहरु ( सिकाइ, उपलब्धि) परिपूर्ति गर्ने विषय र विशेषज्ञद्वारा सङ्कलन, सम्पादन वा लेखन गरिएका पाठ्यवस्तुहरु छनोट र स्तरण गरी प्रस्तावित र अनुमोदित महत्वपूर्ण शिक्षण तथा सिकाइ सामग्री हो, (ढकाल, २०६८ : ११८)" विषयजन्य ज्ञानको स्वतन्त्र प्रकटीकरण भएको एक वा अनेक विचारको ग्रन्थ नै पुस्तक हो भने पाठ्यक्रमले गरेको अपेक्षा परिपूर्ति गर्ने ध्येय राखेर (एकल वा विविध विषय र क्षेत्रका पाठ्यवस्तु सङ्कलन, सम्पादन वा लेखन गरिएको) खास तह, कक्षा र विषयका निमित्त प्रस्तावित र अनुमोदित पुस्तकलाई पाठ्यपुस्तक भन्न सकिन्छ, (ढकाल,२०६७/६८ : ११६)भाषा पाठ्य पुस्तक सम्बन्धित तह र कक्षाको भाषा पाठ्यक्रमका अनुरुप तयार पारिएको पाठ्यपुस्तक हो यो भाषा सिकाइको प्रमुख आधिकारिक सामग्री हो, (लम्साल र अन्य, २०६९ : ६३) ।

पाठ्य विषयवस्तु सङ्कलन गरिएको पुस्तक तथा कक्षामा पढाउनु पर्ने पुस्तकलाई पाठ्यपुस्तक भनिन्छ , (प्रयोगात्मक नेपाली शब्दकोश, २०७१ : ८५४) । पाठ्यपुस्तक पाठ्यक्रमद्वारा निर्धारित लक्ष्य पूरा गर्न आवश्यक शिक्षण सिकाइ क्रियाकलाप सञ्चालनका लागि सहयोग गर्ने प्रमुख साधन हो । यो विद्यार्थीहरुको लागि कुनै निश्चित ज्ञान प्राप्तिका सम्बन्धमा तोकिएको विषयको निर्धारित पाठ्यक्रम अनुसार रचना गरिएको हुन्छ, (ढुङ्गेल र दाहाल, २०७१ : ८७) ।

## व्याख्या विश्लेषण

माध्यमिक तह अन्तर्गत कक्षा ९ र १० को वर्तमान नेपाली पाठ्यपुस्तक माध्यमिक शिक्षा (कक्षा ९ र १०) पाठ्यक्रम, २०७८ का आधारमा तयार पारिएको हो । कक्षा ९ को पाठ्यपुस्तक शैक्षिक सत्र २०७९ बाट र १० को शैक्षिक सत्र २०८० बाट कार्यान्वयनमा आएको छ । पाठ्यपुस्तकमा विधागत मूल पाठपछि परिशिष्ट खण्डमा सुनाइ पाठ समाविष्ट गरिएको छ । दुवै कक्षामा क्रमशः १६/१६ ओटा सुनाइ पाठ समाविष्ट छन् । पाठसम्बद्ध अभ्यास मूलपाठका अभ्यास लगत्तै प्रस्तुत गरिएको छ । मूल पाठ जस्तै सुनाइ पाठहरूमा पनि विषय क्षेत्रगत विविधता छ । उक्त पाठहरूमा आधारित अभ्यासात्मक

कार्यकलापहरूबारे संरचित अन्तर्वार्ताका माध्यमबाट शिक्षकहरूका धारणा प्राप्त गरिएको छ । शिक्षकहरूबाट व्यक्त धारणा/प्रतिक्रियाहरूलाई विश्लेषण गरिएको छ :

**विषयवस्तु**

विषयवस्तु र पाठ्यवस्तु पर्यायवाची शब्दका रुपमा प्रयुक्त हुने भए तापनि भाषा शिक्षणका सन्दर्भमा यी दुवै भिन्न अर्थ, प्रकृति र प्रयोजन भएका शब्द हुन् । विषयवस्तु भाषा पाठ्यपुस्तकमा साधन हुन्छ । त्यस साधनको उपयोगद्वारा विकसित गर्न सकिने भाषिक सिप, सोच र समझलाई पाठ्यवस्तु भन्न सकिन्छ । भाषा पाठ्यपुस्तकमा विभिन्न विषय (भाषा, साहित्य र ज्ञानविज्ञान आदि) का विषयवस्तु समावेश गर्नु आवश्यक छ । विषयगत विविधतालाई उपयुक्त शैलीमा ढालेर सुनाइ, बोलाइ, पढाइ र लेखाइसँग सम्बन्धित भाषिक क्रियाकलाप गर्न गराउन सकिन्छ । विषयवस्तुलाई आधार बनाएर पाठ्यवस्तुहरु तयार गरिन्छन् । पाठबाट शब्दोच्चारण, सस्वर/लयवद्ध वाचन, शब्दार्थ र वाक्य प्रयोग, बोध/भावार्थ, सारांश, कथन/लेखन, व्याख्या, तुलना, विश्लेषण, समीक्षा जस्ता सामान्य प्रयोजनका अतिरिक्त विधाहरुका विशिष्ट प्रयोजन प्राप्त हुन्छन् ।  विषयवस्तुको छनोट गर्दा बाह्य र आन्तरिक प्रभावक र पाठ्यवस्तु छनोटसँग सम्बद्ध आधारहरुको उपयोग गरिएको हुन्छ । पाठ्यपुस्तक लेखक वा सम्पादकले ...छनोट भएका विषयवस्तु वस्तुनिष्ठ, व्यावहारिक र उद्देश्यमूलक हुन सकून भन्ने कुरामा सचेत हुनु अनिवार्य हुन्छ, ( ढकाल, २०६८ : १५५) भाषा पाठ्यपुस्तकमा विविध क्षेत्रबाट विषयवस्तु चयन गर्नु पर्ने हुन्छ । जुन तह, कक्षा वा उमेर समूहका लागि पाठ्यपुस्तक निर्माण गर्न तालिएको हो, त्यसमा के कस्ता विषयहरु समावेश गर्ने भन्ने बारेमा सचेत रहनु पर्छ । विद्यार्थीको रुचि, स्तर, क्षमता, आवश्यकता र उमेर अनुकूलका विषयवस्तु महत्वपूर्ण हुन्छन् , जसमा तह अनुकूलको विषयवस्तुको प्रकृतिमा पनि ख्याल गर्नु पर्दछ , (भण्डारी र साथिहरु, २०६८ : २१३) ।

कक्षा ९ र १० को वर्तमान नेपाली पाठ्यपुस्तक माध्यमिक शिक्षा (कक्षा ९ र १०) पाठ्यक्रम, २०७८ का आधारमा तयार पारिएको हो । निर्दिष्ट पाठ्यपुस्तकमा विद्यार्थीहरूमा भाषिक सिप सक्षमता अभिवृद्धिका निमित्त विधागत पाठ र त्यससम्बद्ध अभ्यासहरू राखिएका छन् । यस क्रममा सुनाइ सिप विकासका लागि पुराना पाठ्यपुस्तकमा भन्दा भिन्न तरिकाले विधागत मूल पाठपछि परिशिष्ट खण्डमा सुनाइ पाठ विशिष्टीकरण गरेर राखिएका छन् । उक्त पाठहरू र पाठसँग सम्बन्धित अभ्यासहरू समय सापेक्ष छन् । पाठ पछाडि छन् त्यसका लागि गर्नु पर्ने अभ्यास भने अगाडि मूल पाठका अभ्याससँग अन्तरसम्बन्धित गरिएर राखिएका छन् । मूल पाठ हेर्दा पाठ अगाडि र त्यसमा गर्नु पर्ने अभ्यास पछाडि दिइएको छ तर सुनाइ पाठका सन्दर्भमा पाठ पछाडि गएर पढ्नु पर्ने र त्यसको अभ्यास चाहिँ अगाडि राखिनुले विद्यार्थिहरूलाई थोरै भए पनि खोज कार्यतर्फ डोऱ्याउन खोजेको र शिक्षण कार्यलाई पनि रोचक बनाउन खोजेको पाइन्छ ।

कक्षा ९ को सुनाइ पाठ १३ मा 'कर्तव्य' कथाको छोटो अंश दिइएको छ र विद्यार्थीमा पाठसम्बन्धी कुतुहलता जगाउन खोजेको देखिन्छ तर त्यो कुतुहलता १० कक्षामा मूल पाठका रूपमा समाविष्ट 'कर्तव्य' मूल कथा पढेपछि समन हुने देखिन्छ, जुन विद्यार्थीका लागि रोचक र खोजमूलक बन्न खेजेको छ । यस्तै सुनाइ पाठहरूले अगाडिका मूल पाठको सिकाइलाई सघाउ पुऱ्याउने देखिन्छ । समाविष्ट सुनाइ पाठहरूले परिवर्तित समयको आवश्यकताअनुरूप विद्यार्थीहरूमा विविध विषयको ज्ञान गराउन खोजेको देखिन्छ । तहगत सक्षमता तथा कक्षागत सिकाइ उपलब्धिमा जेजस्ता सुनाइ सिप उपलब्धिको अपेक्षा गरिएको छ सो कुराको विकासका साथै बोलाइ, लेखाइ सिपको विकासमा समेत प्रभाकारी हुने देखिएका छन् र शब्दभण्डार क्षमता विकासमा पनि सहयोगी देखिएका छन् । यसरी विविध दृष्टिले विधागत मूलपाठ पश्चात् सुनाइ पाठहरू समाविष्ट गर्नु उपयुक्त र सान्दर्भिक नै देखिन्छ ।

## विधागत क्षेत्र र विषय प्रकृति

विषयवस्तुलाई संरचनात्मक स्वरुपमा प्रस्तुत गर्नुलाई विधागत प्रस्तुति भन्न सकिन्छ । भाषिक सिपहरुको विकासका लागि विधाहरुले विषयवस्तुहरु बोकेर ल्याएका हुन्छन् । त्यसैले के कस्ता पाठ्यवस्तुहरुलाई के कस्ता विधा वा संरचनामा प्रस्तुत गर्न सकिन्छ भन्ने कुरा महत्वपूर्ण हुन्छ । उद्देश्य अनुरुप पाठ्यवस्तुहरु समेट्ने विधाको छनोट गर्नु उपयुक्त हुन्छ । विषयवस्तुमा एउटै विधाले पनि विविध संरचना पाएको हुन्छ । विविध विषयवस्तु र सो अनुसारको अभ्यासबाट मात्र भाषिक सिपको विकास हुन सक्दछ । कथा, कविता, निबन्ध/प्रबन्ध, चिठी, निवेदन, जीवनी, रुपक (संवाद, वादविवाद, मनोवाद, एकाङ्की, नाटक) जस्ता विधाहरुमा भाषिक सिपको विकास गर्ने विषयवस्तुहरु समावेश गरिनु पर्दछ । तह, कक्षा अनुसार ती विधा एवम् उपविधाको संरचना फरक फरक हुन सक्छ र प्रकृति पनि जटिल हुन सक्छ । आकारले पनि एक किसिमको स्तर कायम गरेको हुन्छ । वाक्य संरचनाको प्रकृतिको आधारमा तथा विषय वस्तुगत व्यापकताको प्रकृतिको आधारमा पनि त्यो विधालाई छनोट गर्न सकिन्छ, (भण्डारी र साथिहरु, २०६८:२१३/१४) ।

कक्षा ९ र १० मा विविध विधा र विविध विषय प्रकृतिका मूलपाठ राखेजस्तै सुनाइ पाठहरू पनि विविध विधा र विषयमा आधारित बनाई राखिएका छन् । कक्षा ९ र १० मा १६/१६ ओटा सुनाइ पाठ छन् । ती पाठहरू मूल पाठ जस्तै कविता, कथा, जीवनी, निबन्ध/प्रबन्ध, संवाद, चिठीपत्र आदि विधामा आधारित छन् र विषयका दृष्टिकोणले सामाजिक, प्राकृतिक, पौराणिक आदि विषय प्रकृतिका छन् । मूल पाठ कविता भए सुनाइ पाठमा पनि कविता छन् । मूल पाठ कथा भए सुनाइ पाठ पनि लघु कथा र मूल पाठ जीवनी भए सुनाइ पाठ जीवनी छन् । जस्तै : कक्षा १० को मूल पाठ एकमा कविता ( उज्यालो यात्रा) छ सुनाइ पाठ एकमा पनि कविता (नेपाल सर्वोपरि) नै छ, यस्तै दोस्रो मूल पाठ कथा (घरझगडा) छ भने सुनाइ पाठ चाहिँ लघु कथा (मेलमिलाप) राखिएको छ जुन घरझगडा कथाले मानिस एक आपसमा झगडा नगरी, एकले अर्कालाई शङ्का नगरी मिलेर बस्नु पर्दछ भनी दिन खोजेको सन्देशलाई सङ्केत गर्ने खालको छ । त्यसैगरी पाठ तीनमा

'चिकित्सा विज्ञान र आयुर्वेद चिकित्सा' प्रबन्ध छ भने सुनाइ पाठ चाहिँ जीवनीसँग सम्बन्धित छ । यस आधारमा प्रायः पाठहरू विधागत प्रकृतिका पाठसँग अन्तरसम्बन्धित भए पनि केही पाठ भने पूर्ण रूपमा अन्तरसम्बन्धित नभएका देखिन्छन् ।

## छनोट र स्तरण

भाषापाठ्यसुस्तकमा समावेशन गरिने विषयक्षेत्र छान्ने कार्यलाई विधाको छनोट भनिन्छ । त्यसैगरी छनोट गरिएका विधालाई मनोवैज्ञानिक तवरबाट सुसिक्य बनाउने कार्यलाई स्तरण भनिन्छ । भाषा पाठ्यपुस्तकलाई प्रभावकारी बनाउन लेखक तथा सम्पादकले यी दुवै कार्यमा सचेतता अपनाउनु पर्छ ।  कक्षा ९ र १० मा समाविष्ट सुनाइ पाठ हेर्दा उक्त पाठहरू विविध स्वरूपका छन् । छनोट गरिएका सुनाइ पाठहरू प्रायः सरल खालकै रहेकाले त्यसको छनोटमा कक्षा र विद्यार्थीको स्तर अनुरुपतालाई ख्याल गरिएकै भेटिन्छ । प्रायः पाठहरू भाव बोधका दृष्टिले उपयुक्त नै छन् तथापि केही पाठहरूमा प्रयुक्त वाक्य संरचना, त्यसको भाषा र प्रस्तुतिलाई हेर्दा कमजोर सिकाइ क्षमता भएका विद्यार्थीका लागि बोधका दृष्टिले केही जटिल हुने देखिएका छन् । जस्तै कक्षा ९ को सुनाइ पाठ १५ मा समाविष्ट 'फूलको कथा' शीर्षकको कविता "एक दिन अनायासमा यौटा फूल हरायो..." (पृ. १८७) कक्षा १० को सुनाइ पाठ तीनमा समाविष्ट 'इमानसिंह चेमजोङ' मा राखिएको पहिलो वाक्य "भाषा संस्कृतिको खोज..."(पृ. २३६) सामान्य विद्यार्थीका लागि शब्दबोध तथा अर्थबोध लगायतका दृष्टिले भने कठिनाइ हुने देखिन्छ । ती पाठहरू सुनाइ सिप विकासमा त महत्वपूर्ण नै छन् । यसका अतिरिक्त बोध तथा अभिव्यक्ति क्षमताको विकास गर्ने, शब्दभण्डार क्षमताको विकास गर्ने सन्दर्भमा पनि सहयोगी देखिएका छन् ।

## नमुना अभ्यास

भाषा पाठ्यपुस्तकमा समाविष्ट अभ्यासलाई नमुना अभ्यास भनिन्छ । भाषा पाठ्यपुस्तकको मूल प्रयोजन भन्नु नै भाषिक सिपमा अभिवृद्धि गर्नु हो । पाठ्यपुस्तकमा समावेश गरिएका अभ्यासले पाठ्यक्रमबाट तोकिएका उद्देश्य पूरा गर्न सक्नु पर्दछ । पाठ्यपुस्तकमा पाठअनुरुप, विधाअनुरुप भाषातत्व तथा शब्दभण्डारगत अभ्यासहरुको संयोजन गरिनु पर्दछ । विद्यार्थीको सिर्जनात्मक क्षमता प्रस्फुटन गर्न सहयोग पुऱ्याउने नियन्त्रित र स्वतन्त्र लेखन सम्बन्धी अभ्यासको पनि तालमेल मिल्नु जरुरी हुन्छ । पाठ्यपुस्तकमा सरलदेखि जटिल तथा विद्यार्थीको रुचि, स्तर र क्षमतालाई ख्याल गरेर अभ्यासको योजना प्रस्तुत गरिएमा पाठ्यक्मको अपेक्षा पनि पुरा गर्न सहज हुन सक्दछ । अभ्यासका प्रश्नहरु वस्तुगत तथा विषयगत सबै प्रकृतिका हुनु पनि उत्तिकै आवश्यक हुन्छ । सुनाइ र बोलाइ, पढाइ र लेखाइ जस्ता सिपहरुको अभ्यास कस्ता पाठ एवम् विधाबाट राख्ने भन्ने बारेमा पनि विचार पुऱ्याउनु पर्दछ । जस्तैः सुनाइ र बोलाइ सिपको अभ्यासको लागि संवाद विधाः पढाइ र लेखाइ सिपका अभ्यासका लागि कथा, निबन्ध जस्ता विधाहरु आवश्यक हुन्छन् । यस्ता सिपगत अभ्यासहरु पनि तह तह/कक्षाअनुरुप फरक हुन सक्दछन् । तल्लातल्ला तहमा सुनाइ र बोलाइ सिपसँग सम्बद्ध अभ्यासहरुले बढी प्राथमिकता पाउनु

पर्दछ भने विस्तारै माथिल्ला कक्षाहरुमा तुलनात्मक रुपले पढाइ हुँदै लेखाइसँग सम्बद्ध अभ्यासहरुको संयोजन गरिनु आवश्यक हुन्छ, (भण्डारी र अन्य, २०६८:२१६-१८) ।

सुनाइ पाठ सम्बद्ध अभ्यासात्मक प्रश्नहरू विषयगत र वस्तुगत दुवै प्रकृतिका छन् । विषयगत प्रकृतिका प्रश्नहरू सुनेर प्रश्नको उत्तर दिने, वर्णन गर्ने, व्याख्या गर्ने, सुनेर प्रतिक्रिया जनाउने, छलफल गर्ने खालका छन् भने वस्तुगत प्रकृतिका प्रश्नहरू ठिक बेठिक, वहुवैकल्पिक प्रश्न, खाली ठाउँ भर्ने प्रश्नसँग सम्बन्धित देखिन्छन् । यसरी दुवै प्रकृतिका प्रश्नहरू मोखिक अभिव्यक्ति विकासका लागि उपयोगी मानिएका छन् । यस्तै विषयगत प्रश्नहरू पनि परीक्षाका दृष्किोणले सुनाइ सिप परीक्षणका लागि नै प्रभावकारी देखिएका छन् । यसमा समाविष्ट अभ्यासको प्रकृतिले सुनाइ सिप पक्षको विकास विषयगत प्रकृतिका प्रश्न/अभ्यासबाट मात्र होइन वस्तुगत प्रकृतिका अभ्यासबाट पनि हुन्छ भन्ने कुरालाई जोड दिन खोजेकाले पनि उक्त अभ्यासहरू प्रभावकारी मानिएका छन् । विद्यालयको कोर्स समयमै सक्नु पर्ने सीमाका कारण पाठ्यपुस्तकमा उक्त अभ्यासहरूमात्र राखिए पनि विद्यार्थीहरूलाई सुनाइ पाठसँग सम्बन्धित रही श्रुति लेखन, श्रुति बुँदा टिपोट, श्रुति सारांश लेखन, श्रुति रचना जस्ता अभ्यासात्मक कार्यकलापमा पनि सरिक गराउन सकिन्छ भनी जानकारी पनि गराएको छ तापनि त्यस्ता अभ्यास त्यति नगराइएको अर्थात् गराउने प्रचलन कम रहेको र समय सीमाका कारण शिक्षकले विद्यार्थीलाई उक्त कार्यमा कमै मात्रामा सरिक गराइएको प्रतिक्रिया प्राप्त भएको छ ।

## शिक्षण र मूल्याङ्कन

तीन जना शिक्षकले सुनाइ पाठले मूल पाठलाई थप प्रभावकारी बनाउन सहयोग गर्ने भएकाले शिक्षण सिकाइ सहजीकरण गर्दा मूल पाठ र सुनाइपाठ सँगसँगै शिक्षण गरिएको र एक जना शिक्षकले अलग्गै शिक्षण गराएको पाइएको छ । यस्तै सबै शिक्षकले सुनाइ पाठ शिक्षणमा पाठ्यपुस्तक मात्र प्रयोग नगरी पाठ्यपुस्तकबाहेक पत्रपत्रिका, सन्दर्भ पुस्तकहरू, विद्युतीय सामग्रीहरू प्रयोग गरिएको बताउनु भएको छ । सुनाइ सिप मूल्याङ्कनका सन्दर्भमा विशेषतः कक्षाको कुनै विद्यार्थीलाई नै उक्त पाठ पढ्न लगाई अरुलाई सुन्न र त्यसकै आधारमा प्रश्न सोध्ने वा प्रतिक्रिया व्यक्त गर्न लगाउने आफूले चाहिँ सहजकिरण गर्ने गरिएको धारणा शिक्षकबाट प्राप्त भएको छ । मूल्याङ्कन गर्दा व्यक्तिगत र समूहगत दुवै रूपमा मूल्याङ्कन गर्ने गरिएको तथ्य पनि प्राप्त भएको छ ।

## उपयोगिता

माध्यमिक शिक्षा (कक्षा ९ र १०) पाठ्यक्रम, २०७८ मा आन्तरिक मूल्याङ्कनका लागि २५ अङ्कभार छुट्याइएको छ । जसमा सुनाइ र बोलाइ सीपको समूल्याङ्कनका लागि ६ अङ्क छुट्याइएको छ र सिकाइ सहजीकरणकै क्रममा त्यस सम्बद्ध कार्यकलाप गराई मूल्याङ्कन गर्नु पर्ने भनी निर्दिष्ट गरिएको छ । यस सन्दर्भमा सुनाइ पाठहरू पाठ पढेर शब्द बोध, अर्थ बोध, प्रश्नोत्तर लेखन, घटना वर्णन गर्न तथा मौखिक प्रतिक्रिया जनाउन

लगाउने खालका हुनु र आन्तरिक मूल्याङ्कन पनि तिनै कुरासँग सम्बद्ध हुनुले आन्तरिक मूल्याङ्कनका सन्दर्भमा सुनाइ पाठ सहयोगी नै देखिन्छन् । तथापि मूल्याङ्कनका क्रममा केही मात्रामा मात्र तिनै पाठहरूलाई उपयोग गरिएको छ भने बाह्य सामग्रीबाट थुप्रै मात्रामा सामग्री लिइएको धारणा शिक्षकहरूको रहेको छ । भाषा शिक्षकले सन्दर्भ पुस्तक, पत्रपत्रिका तथा विद्युतीय सामग्रीको उपयोग गर्ने गरेको बताएका छन् । यस्तै तहगत सक्षमता तथा कक्षागत सिकाइ उपलब्धि लगायतका पाठ्यक्रका अपेक्षा पुरा गर्न पनि सुनाइ पाठ उपयोगी र प्रभावकारी देखिन्छन् भनी शिक्षकबाट प्रतिक्रिया प्राप्त भएको छ ।

## निष्कर्ष

कक्षा नौ र दशको वर्तमान नेपाली भाषापाठ्यपुस्तक क्रमशः शैक्षिक सत्र २०७९ र २०८० बाट कार्यान्वयनमा ल्याइएको छ । भाषापाठ्यक्रमका अपेक्षाहरु प्राप्तितर्फ प्रवृत्त निर्दिष्ट भाषापाठ्यपुस्तकमा जम्मा १६/१६ ओटा सुनाइ पाठहरु समाविष्ट गरिएका छन् । विविध विधामा आधारित उक्त सुनाइ पाठमा अभ्यासगत कार्यकलापमा पनि विविधता भेटिन्छ । निर्दिष्ट सुनाइ पाठहरू र त्यस सम्बद्ध अभ्यासहरूकै माध्यमबाट सिकारुलाई सुनाइ सिपमा दक्ष बनाउन खोजिएको छ । भाषिक सक्षमता तथा कक्षागत सिकाइ उपलब्धिको प्राप्तिमा अग्रसर गराइएको छ । यसमा समाविष्ट सुनाइ पाठ तथा अभ्यासात्मक कार्यकलापहरु विद्यार्थीमा सुनाइ सिप मूल्याङ्कन र विकासका लागि प्रभावकारी र उपयोगी भएको तथ्य प्राप्त भएको छ । यसमा पूर्ववर्ती पुस्तकमा भन्दा फरक तरिकाले विद्यार्थीहरूमा सुनाइ सिप विकास गराउन खोजिएकाले ती पाठ सान्दर्भिक पनि मानिएको छ । सुनाइ सीप विकासका लागि पाठ पृथक ढङ्गले प्रस्तुत गरिएको भए तापनि त्यसमा केही कसरमसर बाँकी रहेको कुरा अध्ययनबाट प्राप्त भएको छ । सुनाइ सिप परीक्षणका लागि थप अभ्यास/प्रशस्त कार्यकलापको व्यवस्था भए राम्रो हुने सुझाव अध्ययनमा प्राप्त भएको छ । यसैगरी  पाठ छनोटमा सजगता अपनाइएको भए पनि केही पाठ र कतिपय अनुच्छेदहरु भावबोधका दृष्टिले कमजोर विद्यार्थीका लागि केही कठिन रहेको भन्ने धारणा प्राप्त भएको छ । अतः त्यसमा सुधार गर्न सके व्यावहारिक प्रकृतिका पाठ र अभ्यासहरू छनोट गरे पाठ्यपुस्तक अझ प्रभावकारी बन्ने देखिन्छ । तथापि अन्य कुरामा भने पूर्ववर्ती पाठ्यपुस्तकका तुलनामा निर्दिष्ट पुस्तक व्यावहारिक, समसामयिक, कार्यकलापमूखी बन्न पुगेको देखिन्छ । जसले गर्दा निर्दिष्ट भाषापाठ्यपुस्तक नवीन खालको बन्न पुगेको देखिन्छ ।

## सन्दर्भ सामग्री सूची

अधिकारी, हेमाङ्गराज (२०६९), *नेपाली भाषा शिक्षण,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

आचार्य, माधवप्रसाद (२०६१ /०६२), नेपाली भाषा शिक्षणमा पाठ्यपुस्तकको उपयोगिता, *सम्प्रेषण* (वर्ष-२, अङ्क-२), पृ.६४-६८ ।

कक्षा ९ को परिमार्जित पाठ्यक्रम, २०७८ मा आधारित *विशिष्टीकरण तालिका* (२०७८) भक्तपुर : पाठ्यक्रम विकास केन्द्र ।

कक्षा १० को परिमार्जित पाठ्यक्रम, २०७८ मा आधारित *विशिष्टीकरण तालिका* (२०७८) भक्तपुर : पाठ्यक्रम विकास केन्द्र ।

नेपाली कक्षा १० (२०७४), भक्तपुरः पाठ्यक्रम विकास केन्द्र, ।
पोखरेल, बालकृष्ण, त्रिपाठी, वासुदेव, पराजुली, कृष्णप्रसाद, शर्मा, गोपीकृष्ण र भट्टराई, हर्षनाथ (सम्पा),

(२०६९), *नेपाली बृहत् शब्दकोश* (आठौं सं.), काडमाडौं : नेपाल प्रज्ञा प्रतिष्ठान ।

पौडेल, माधवप्रसाद (२०७३), *भाषा पाठ्यक्रम, पाठ्यपुस्तक तथा शिक्षण पद्धति,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

भण्डारी, पारसमणि र पोखरेल, केशवराज (२०७५), *नेपाली शिक्षा पाठ्यक्रम दिग्दर्शन,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।
माध्यमिक शिक्षा (कक्षा ९-१०) पाठ्यक्रम, नेपाली (२०७८), भक्तपुर : पाठ्यक्रम विकास केन्द्र ।

शर्मा, केदार प्रसाद र पौडेल, माधव प्रसाद (२०६७), *नेपाली भाषा र साहित्य शिक्षण,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।